ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक ३१७

२ भदौ २०८० शनिवार

19 Aug 2023, Saturday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

# मधेश प्रदेशको अर्थ मन्त्रालयमा लेखा अधिकृत चौधरीको रजाइँ




**खबर दर्पण समाचारदाता**

**भदौं १ गते, महेन्द्रनगर**

मधेस प्रदेश सरकार स्थापनाकालदेखि नै मधेश प्रदेशको अर्थ मन्त्रालयमा ६ वर्षदेखि लेखा अधिकृतको रुपमा बिजय कुमार चौधरी कार्यरत रही सेवा सुविधामा एकलौटी रुपमा रजाइँ गरिरहेका छन् । जिन्सी प्रमुख ब्रम्ह नारायण प्रसाद यादवसँगको सेटिङ्गमा उनी वर्षौंदेखि इन्धन र सवारी साधन प्रयोगमा मनपरी ढङ्गले दुरुपयोग गरिरहेका छन् ।

मधेश प्रदेश सरकारका निजामती कर्मचारीको सुविधा सम्बन्धी मापदण्डमा महाशाखा प्रमुख, कार्यालय प्रमुख, सचिव, प्रमुख सचिवले मात्र चारपाङ्गे सवारी प्रयोग गर्न पाउने व्यवस्था रहेपनि वर्षौंदेखि उनले चारपाङ्गे सवारी (हाल ज१भ्ञ४४१ नम्बर को सवारी) प्रयोग गरिरहेका छन् । त्यस्तै अधिकृतस्तर कर्मचारीले मासिक १० लिटर पेट्रोल मात्र पाउने व्यवस्था रहेपनि अधिकृत चौधरीले मनपरी ईन्धन प्रयोग गरिरहदाँ समेत सम्बन्धित व्यक्ति मौन छन् ।

यतिमात्रै होइन मधेश भवनभित्र रहेको आवासमा पनि उनले दादागिरी नै गरिरहेको पाईएको छ । कर्मचारीले आवासको सुविधा पाउँदा १ जना कर्मचारीले १ वटा कोठा प्रयोग गर्ने परिपाटी रहेपनि अधिकृत चौधरीले खाली रहेका अन्य कोठाहरूमा अन्यत्रै काम गर्ने आफ्ना आफन्तहरूलाई महिनौंदेखि राखी सुविधाको व्यापक दुरुपयोग गरिरहेकि छन् ।

यता मधेश प्रदेश सरकारका अधिकृतस्तरका कर्मचारीहरूले समेत आवासको सुविधा प्रयोग गर्न नपाई रहेको अवस्थामा अधिकृत चौधरीले अर्थ मन्त्रालयमा अड्डा जमाई बसी व्यापक अनियमितता र सेवा सुविधाको कानून विपरीत दुरुपयोग गरिरहदा समेत सम्बन्धीत निकायको ध्यान जान सकेको छैन ।

कर्मचारीहरूको २ वर्षमा सरुवा हुनु पर्ने कानूनी व्यवस्था रहेपनि निज ६ वर्षसम्म एउटै अड्डामा बसिरहँदा पनि पावरको भरमा सरुवा नभएको देखिन्छ । पावर हुनेहरू बलजबर्जस्ती रुपमा सेवा सुविधाको उपयोग गरिरहेपनि सोझा सिधाको कुरा कसैले सुनिरहेको अवस्था नरहेको मधेश प्रदेश सरकारकै एकजना कर्मचारीको गुनासो छ । उनी भन्छन्–'यस्तो अवस्था कहिले सम्म रहिरहने हो ठेकान छैन् ।' मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले भ्रष्टाचार को अन्त्य गर्छु भनेका थिए । तर , उनको भनाइ पनि अहिले प्रभावहिन सावित भईरहेको छ।

एकजना कर्मचारीले नाम नखुलाउने शर्तमा भने, 'मुख्यमन्त्रीले भ्रष्टाचार अन्त्य गर्छु भनेको थियो । त्यो गफ मात्रै रहेछ । वहाँकै संरक्षणमा भ्रष्टाचार मौलाई रहेको छ । पावरको बलमा एकैजनाले दुई-दुई वटा जिम्मेवारीमा रहेको यसको प्रष्ट उदाहरण हो ।'

प्रदेशमा समायोजन भएको कर्मचारीहरु सरुवा गर्ने अधिकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कै छ ।

अर्थ मन्त्रालयको खाली दुईवटा कोठा लेखाअधिकृत चौधरीले प्रयोग गरिरहेको मन्त्रालयका सचिव प्रेम प्रसाद भट्टराईले स्वीकारे । उनका अनुसार खाली ती कोठामा अन्य कर्मचारी नभएपछि लेखाअधिकृत चौधरीले प्रयोग गरिरहेको बताए । तर, मन्त्रालयमा सरुवा भई अन्य कर्मचारी आएको अवस्थामा उनले प्रयोग गरिरहेको कोठा छोड्नुपर्ने उनको भनाइ छ ।

'अस्तीसम्म त्यो कोठाहरुमा कर्मचरी बसिनै रहेको थियो, उनले भने, केही दिन अगाडी दुईजना कर्मचारी सरुवा भएर गएपछि खाली भएको हो । र मनपरी तथा सेवासुविधाको

***बाँकी पृष्ठ २ मा***

# आरती साह घटना : दुई महिनासम्म धर्ना, पीडितको माग सुनुवाइ भएन




**खबर दर्पण समाचारदाता**

**भदौं १ गते, महेन्द्रनगर**

जनकपुरकी आरती साहको न्यायका लागि माइती पक्ष काठमाडौंको माइतीघरमा धर्ना बस्न थालेको बुधबार ६२ औं दिन पुग्दा पनि सरकारले सुनुवाइ गरेको छैन । बरु आश्वासन दिएर घर फर्काउने प्रयास भइ रहेको छ । 'हामीलाई सरकार ले गाउँ फर्काउन खोजेको छ, गृहले छलफलमा बोलाएको थियो, छानबिन समिति गठन गरेर छानबिन गर्छौं भन्नुभयो,' आरतीका मामा सन्तोष भन्छन्, 'आश्वासनमा हामी विश्वस्त छैनौं, माग पूरा नभएसम्म फर्कंदैनौं ।'

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले अनुसन्धानमा सहयोग पुऱ्याउनका लागि घर फर्कन अनुरोध गरिएको बताए । 'प्रहरी हेडक्वार्टरसँग समन्वय गरेर माग सम्बोधन गर्छौं, गाउँमा अनुसन्धानमा आउनेलाई आफ्ना कुरा राखेर सहयोग गर्नुस् भनेका हौं,' उनले भने, 'शान्ति सुरक्षाको चिन्ता गर्नु पर्दैन भनि रहेका हौं, यसैमा कुरा मिलि रहेको छैन ।'

न्याय पाउने आशा हराउँदै गएपछि धर्नारत आरतीका बुबा विनोदप्रसाद, आमा निर्मला देवी, भाइ प्रेम, बहिनी मनीषा, मामा सन्तोषकुमार, आफन्त र समर्थकले सोमबार प्रदर्शन गरेका थिए । सिंहदरबारको दुई नम्बर गेट पुगेपछि उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । सो क्रममा आन्दोलनरत महिलालाई पुरुष प्रहरीले शरीरका संवेदनशील अंगमा हात हालेको भन्दै नागरिक आन्दोलनका अभियन्ता र अधिकारकर्मीले सामाजिक सञ्जालमा टिप्पणी गरेका छन् । यस विषयबारे बुझेर आफ्ना कमजोरीहरू सच्याउने र प्रहरीले नियतवश पक्राउ गर ेको भए कारबाही गर्ने काठमाडौं प्रहरी परिसरले जनाएको छ । दिउँसो १२ बजे पक्राउ पर ेकाहरूलाई माइतीघरबाहेक अन्यत्र आन्दोलन गरेमा कार बाही गर्ने सर्तमा प्रहरीले बेलुकी ७ बजे छाडेको थियो । त्यसपछि उनीहरूले माइतीघरमै धर्नालाई निरन्तरता दिएका छन्।

सुरुमा उजुरी लिन अटेर गर्दै पीडितमाथि कुटपिट गर्ने धनुषाका एसपी विश्वराज खड्का र डीएसपी वेदप्रसाद गौतमलाई निलम्बन गरी कार बाही गर्नुपर्ने, जिल्ला

***बाँकी पृष्ठ २ मा***

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ज्ञ्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# मधेश प्रदेशको अर्थ...

दुरुपयोग कसैले गर्न पाउँदैन।' कहिलेकाही उनको आफन्त आउँदा मात्रै खाली कोठा प्रयोग भईरहेको सचिवले बताएपनि एकजना कर्मचारीका अनुसार ती कोठामा जनकपुरधामस्थित भाटभटेनीमा काम गर्ने लेखाअधिकृत चौधरीको आफन्त बसिरहेको बताए ।

उता चारपाङ्ग्रे सवारीको लेखा अधिकृत चौधरीले नै प्रयोग गर्ने गरेको जिन्सी शाखाका कर्मचारीले पनि स्वीकारेका छन् । उनका अनुसार लेखा अधिकृत चौधरीले कार्यालय प्रयोजनमा उक्त चारपाङ्ग्रे सवारी प्रयोग गर्ने गरेको बताएका छन् । अर्थ मन्त्रालयमा अहिलेसम्म दर बन्दीको तुलनामा ३० प्रतिशत कर्मचारी मात्रै रहेको सचिव भट्टराईले बताए । ७० प्रतिशत कर्मचारी मन्त्रालयमा खाली रहेको बताउँदै उनले काम गर्न धेरै अप्ठयारो भईरहेको बताए । मधेश भवनभित्रको मनपरी रुपमा उनले मात्रै होईन व्यक्तिहरूले प्रयोग गरिरहेको बुझिएको छ । स्रोतका अनुसार अर्थमन्त्रीका स्वकीयसहित सचिवालयका केही व्यक्तिहरुलाई पनि सो खाली कोठा बस्नको लागि सचिवले उपलब्ध गराईएको थिएन् । मन्त्री निकट सचिवालयका ती व्यक्ति भन्छन्, 'हामीलाई त्यो कोठा बस्नको लागि उपलब्ध गराईदिनुस् भनेपछि खाली छैन् भन्दै सचिवले टारेका थिए ।' उनका सचिवालयका व्यक्तिहरू मधेश भवन बाहिर कोठा भाडा लिएर बसिरहेका छन् ।

# आरती साह घटना...

न्यायाधिवक्ता, पोस्टमार्टममा संलग्न डाक्टरमाथि अनुसन्धान गरी कारबाही गर्नुपर्ने, हत्याको सीआईबीद्वारा जाँच हुनुपर्ने, जाहेरी दिएका सबैलाई कार बाहीको दायरामा ल्याउनुपर्ने, पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्नेलगायत उनीहरूका माग छन्। पीडित पक्षले आरतीका श्रीमान् मोतीबाबु साह, ससुरा मदनमोहन साह, सासू रेनु देवी र देवर रवि साहविरुद्ध किटानी जाहेरी दिएका थिए । प्रहरीले आरतीका श्रीमान् र ससुरालाई पक्राउ गरेपछि जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि थुनामा पठाएको छ । प्रहरी प्रवक्ता कुवेर कडायतले पहिलो चरणको अनुसन्धानपछि आरतीका ससुरा र श्रीमान्लाई थुनामा पठाइएको बताए । धनुषाका एसपी खड्का र डीएसपी गौतममाथिको अनुसन्धान र पीडितको मागबारे मंगलबार छानबिन समिति गठन भइसकेको उनको भनाइ छ । धनुषाको नगराइन नगर पालिका-८ खिरखिरियाकी आरती र जनकपुरधाम-९ थापाचोकका मोतीबाबु साहबीच ०७८ असार २९ मा मागी विवाह भएको थियो । विवाहको केही समयपछि श्रीमान्ले आरतीलाई दाइजोको दबाब र यातना दिन थालेका थिए । गत जेठ ७ गते आरती घरको कोठाभित्र पंखामा सलको पासो लगाएको अवस्थामा भेटिएकी थिइन् । माइती पक्षले उनको आत्महत्या नभई दाइजोको निहुँमा हत्या भएको आशंकामा निष्पक्ष छानबिन र न्यायको माग गर्दै आएका छन्।

# राष्ट्रिय सेवा दल....

खुकुरी, ड्रिल, ख़ालिहाथ ड्रिल, हथियारको लेशन लगायतका प्रशिक्षण दिइने छ ।

कार्यक्रममा वड़ा नं. ६ का वड़ा अध्यक्ष कलीम अंसारी वड़ा नं. ८ का वड़ा अध्यक्ष रितेश साह, पूर्व वडाध्यक्ष गणेश प्रसाद, कार्यपालिका सदस्य श्री अरुण नाहर, शिक्षा संयोजक चन्देश्वर साह विद्यालयका प्र.अ. श्रीश मिश्र, सशस्त्र प्रहरी बल (BOP) मटिहानीका सशस्त्र प्रहरी निरीक्षक सुनील लामा लगायतका सहभागीता रहेको थियो ।

## सूचना !   सूचना !!!   सूचना !!!

**आफ्नो गाई भैसीहरुमा कृत्रिम गर्भाधान गराइ उन्नत किसिमका पाडा-पाडी, बाच्छा-बाच्छी उत्पादन गरी दूध उत्पादन बढाऔं ।**

हिउँद तथा वर्षे घासको विकास गरौं र

उन्नत किसिमका घासको श्रोत केन्द्र स्थापना गरी आत्म निर्भर बनौं । पशु बिमा गरि पशु धनको सुरक्षा गरौं ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जनकपुरधाम**

## औरही नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, महोत्तरी**

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सक्नेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।

*प्रमुख प्रशासकीय अधिकृत*

## मठिहानी पालिका

**नगर कार्यपालिकाको कार्यालय, महोत्तरी**

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सक्नेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।

*प्रमुख प्रशासकीय अधिकृत*

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ‘गदर २’ बन्यो ‘पठान’पछि यस वर्ष दोस्रो धेरै कमाउने हिन्दी फिल्म



‘गदर २’ले यतिबेला बलिउडमा उछाल कमाइ गरिरहेको छ। बुधबार पनि फिल्मले ३२.३७ करोड भारु ग्रस कमाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

भारतीय बक्स अफिसमा मात्र ६ दिनमा फिल्मको कुल कमाइ २६१.३५ करोड भारु पुगेको छ। यो कमाइसँगै ‘गदर २’ शाहरुख खान स्टारर ‘पठान’पछि सन् २०२३ मा दोस्रो धेरै कमाउने हिन्दी फिल्म बनेको छ। फिल्मले ‘द केरला स्टोरी’को लाइफटाइम कलेक्सनलाई उछिनेको छ।

अक्षयकुमारको ‘ओह माइ गड २’ ले बुधबार ७.२० करोड भारु कलेक्सन गर्‍यो। फिल्मको कुल कमाइ ७९.४७ करोड भारु पुगेको छ। ६ दिनमै ‘गदर २’ वर्षकै दोस्रो ठूलो हिन्दी फिल्म बनेको छ।

शाहरुख खानको फिल्म पठान (५४३.०५ करोड भारु)ले मात्रै अगाडि छ। यो वर्ष ‘द केरला स्टोरीजस्ता सानो बजेटको फिल्मले राम्रो व्यापार गर्‍यो। फिल्म २३८ करोड भारु कमाइसहित दोस्रो स्थानमा रह्यो। ‘गदर २’ रिलिज भएको एक साता पनि भइसकेको छैन, यसले यो वर्षका धेरै ठूला फिल्मलाई पछि पारेको छ।

‘गदर २’ विदेशमा पनि राम्रो चलिरहेको छ। इन्डस्ट्री ट्रयाकर स्याकलिंकका अनुसार फिल्मको ओभर सिज कलेक्सन २८ करोड भारु छ। यसअनुसार बुधबार गदर २ को विश्वव्यापी संकलन २९८.२ करोड भारु पुगेको छ।

सामाजिक सञ्जालका केही ट्रेड विज्ञले ‘गदर २’ ले ‘पठान’को जीवनभरको कलेक्सनलाई हराउन सक्ने बताएका छन्। फिल्मले जुन गतिमा कमाइ गरिरहेको छ, त्यो पनि सम्भव देखिन्छ। फिल्मले दोस्रो हप्तामा कस्तो कमाइ गर्छ त्यो हेर्नु चासोको विषय हो।

विशेष कुरा के छ भने पठान सोलो रिलिज भएको हो। यसबाहेक यसको स्क्रिन काउन्ट पनि गदर २ भन्दा बढी थियो। यति हुँदाहुँदै पनि गदर २ पठानको कमाइ नजिक पुग्यो भने त्यो आफैंमा ऐतिहासिक हुनेछ।

‘ओएमजी २’ पनि बिस्तारै १०० करोड क्लबमा सामेल हुने बाटोमा छ। अक्षय कुमारको लागि यो राहत हुनेछ। उनको अघिल्लो फिल्म ‘सेल्फी’ असफल रह्यो। यस्तो अवस्थामा उनले ओएमजी २ बाट धेरै अपेक्षा गरेका छन्।-एजेन्सी


## भंगहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय, महोत्तरी

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सक्नेछन्। तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन। साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ।*

**थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ।**

*प्रमुख प्रशासकीय अधिकृत*


# अक्षय कुमारको ‘वेलकम ३’ सन् २०२४ को क्रिसमसमा रिलिज हुने



बलिउड अभिनेता अक्षय कुमारको हिट फ्रेन्चाइजी ‘वेलकम’को तेस्रो शृंखला ‘वेलकम टु द जंगल’को हालै घोषणा गरिएको थियो। यो फिल्ममा अक्षय कुमार शीर्ष भूमिकामा हुनेछन् भने नाना पाटेकर र अनिल कपुरको स्थानमा सञ्जय दत्त र अरशद वारसी देखिनेछन्।

यसैबीच निर्माता फिरोज नाडियाडवालाले ‘वेलकम ३’ को रिलिज मिति तय गरेका छन्। यो फिल्म सन् २०२४ को क्रिसमसमा रिलिज हुने भएको छ।

‘जोली एलएलबी ३’ र ‘हाउसफुल ५’ को छायांकन पूरा गरिसकेपछि अक्षयले ‘वेलकम ३’ को सुटिङ सुरु गर्ने जनाइएको छ। निर्माता नाडियाडवालाले यो फ्रेन्चाइजी कमेडी फिल्मको तेस्रो शृंखला सैनिक एक्सनको पृष्ठभूमिमा आधारित हुने जनाएका छन्।

फिल्मको ६५ देखि ७० प्रतिशत छायांकन जंगलमा गरिने जनाइएको छ। फिल्मको छायांकन आगामी वर्षको सुरुवातबाट गरिने नाडियाडवालाले बताएका छन्।-एजेन्सी

# ‘जवान’ शाहरुखको अहिलेसम्मकै महंगो फिल्म



‘पठान’को सफलतापछि बलिउडका बादशाह शाहरुख खान आफ्नो नयाँ फिल्म ‘जवान’लाई लिएर उत्साहित छन्। आगामी सेप्टेम्बर ७ रिलिज हुने तयारीमा रहेको फिल्मले बक्स अफिसमा नयाँ रेकर्ड राख्ने प्रक्षेपण गर्न थालिएको छ।

अहिले सिनेमा हलहरुमा ‘गदर २’ र ‘ओह माइ गड २’ उत्साहजनक कमाइ गरिरहँदा शाहरुखको फिल्मले पनि राम्रो व्यापार गर्न सक्ने बलिउड व्यापार विश्लेषकहरुले बताएका छन्।

यस्तोमा ३०० करोड भारुमा बनेको ‘जवान’लाई लगानी उठाउन पनि उछाल कमाइ गर्नुपर्ने चुनौती छ। शाहरुखको पछिल्लो फिल्म ‘पठान’लाई अहलेसम्मको सबैभन्दा महंगो ग्रान्ड एक्सन फिल्म मान्ने गरिएको छ। अब यसको रेकर्ड तोड्नका लागि ‘जवान’ सिनेमा हलहरुमा आउन लागेको शाहरुखले बताउँदै आएका छन्।

एटली निर्देशित फिल्ममा शाहरुखका साथै विजय सेतुपति, नयनतारा, प्रियामणि, सान्या मल्होत्रा र रिद्धि डोगराको मुख्य भूमिका छ। यो एक्सन इन्टरटेनर फिल्ममा दीपिका पादुकोण पनि विशेष भूमिकामा देखिदैछिन्।

रेड चिल्लीज इन्टरटेनमेन्टको प्रस्तुति रहेको फिल्ममा गौरी खान निर्माता र गौरव वर्मा सहनिर्माता छन्। फिल्म हिन्दीका साथै तमिल र तेलुगू भाषामा समेत रिलिज हुनेछ।-एजेन्सी

# राष्ट्रिय सेवा दल (NCC) सीनियर डिबिजन तालिमको शुभारम्भ

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**भदौं २ गते, महोत्तरी**

महोत्तरीको मटिहानी नगर पालिका वड़ा नं-८ मा रहेको राम माध्यमिक विद्यालयमा आज देखि राष्ट्रिय सेवा दल (NCC) सीनियर डिभिजन तालिम संचालन भएको छ ।

उक्त कार्यक्रम आज एक कार्यक्रम बीच मटिहानी नगर पालिकाका नगर प्रमुख (मेयर) श्री हरि प्रसाद मण्डलज्यू र रणभीम गण परिकौलीका गणपति उत्तम कटवालज्यूको उपस्थितिमा शुभारम्भ भएको छ ।

यसै अवसरमा मटिहानी नगर पालिकाका मेयर मंडलले राष्ट्रिय सेवा दल (ल्क्तत्र) सीनियर डिभिजन तालिमले बिद्यार्थीलाई जीवन अगाड़ी बढ़न मद्दत पुग्ने कुरा भन्नु भयो ।

"अनुशासन नै राष्ट्र सेवाको मुल जग हो" भन्ने आदर्श वाक्य भएको यस राष्ट्रिय सेवा दलको मुख्य लक्ष्य युवा वर्गलाई अनुशासित, वफादारिता तथा ईमान्दारीता, राष्ट्रिय एकताको भावना र नेतृत्व क्षमताको विकाश गराउनुको साथै भविष्यमा विपदको समयमा उद्धार तथा राहत कार्यमा स्वंम सेवकको भुमिका निर्वाह गर्न सक्ने दस्ता तयार गर्नु हो ।

तालिममा कक्षा ११ र १२ का ३६ जना छात्र-छात्रा सहभागी रहेका छन् । करिब १ सय दिन चल्ने सो तालिममा टेकवान्दो,

*बाँकी पृष्ठ २ मा*




## बर्दिवास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय, महोत्तरी

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सकनेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

**थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।**

*प्रमुख प्रशासकीय अधिकृत*

## बलवा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय,महोत्तरी

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सकनेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

**थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।**

*प्रमुख प्रशासकीय अधिकृत*

## सोनमा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सकनेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

**थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।**

*प्रमुख प्रशासकीय अधिकृत*

## लक्ष्मीनिया गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, धनुषा

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सकनेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

**थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।**

*प्रमुख प्रशासकीय अधिकृत*

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा